# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



कुनै पनि तवरको अन्धविश्वासमा नलागौँ । रोग लागेमा स्वास्थ्य केन्द्र जाने बानी बसालौँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




वर्ष-३ | अंक-२९ | २०७५ माघ २३ गते बुधबार | 6 February 2019 Wednesday | मूल्य रू. १०/-


# चुनौती बन्दै कर्णाली राजमार्ग

**मिसन न्यूज**

**कालिकोट-** कर्णाली राजमार्गको कालिकोट र दैलेख सडक खण्डमा यात्रुले निकै चुनौती भोग्नु परेको छ। कर्णाली राजमार्गको गति हेर्दा पानी परेको बेला सडक काम नलाग्ने गरी हिलाम्मे हुने भएपछि यात्रुले चुनौती खेप्नु परेको हो । कर्णाली प्रदेशको सुर्खेत, दैलेख, कालिकोटहुँदै जुम्ला मुगु जाने सवारी साधनले चुनौती भोग्नु परेका छन् । सडकमा पानी र खाल्डाखुल्डीले गाडीलाई आवागमनमा निकै समस्या झेल्नु परेको छ।

कर्णाली प्रदेशको सुर्खेतदेखि कालिकोटसम्म पहिला बसको यात्रामा ६/७ घण्टा लाग्ने गरे पनि सडकको हिलाम्मेले दुई दिन लाग्ने गरेको छ । राजमार्गको छेउकिनारामा पनि पहिरोले सताउने गरेको छ । कर्णाली राजमार्गलाई सरकारले वास्था गरेको छैन् । राजमार्ग बनाउने काम संघिय सरकारकोभन्दै कर्णाली प्रदेश सरकार वास्था नगरेको हो। राजमार्गको अवस्था हेर्दा अत्यान्तै दर्दानाक हुँदा पनि सरकारलाई चिन्ता र चासो छैन । कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले राजमार्ग बनाउने काम संघिय सरकारको भएको बताए। उनले भने, 'हाम्रो काम र कर्तव्यभन्दा बाहिरको काम हो । हामिसंग बजेटको अभाव छ । केन्द्रिय सरकारले कर्णाली राजमार्गको दैलेखहुँदै कालिकोट भएर जुम्ला मुगु जाने यात्रुले जोखिमपुर्ण यात्रा गर्न बाध्य छन् । बाटोमा पानी र खाल्डाले गाडीलाई आवागमनमा निकै समस्या झेल्नु परेको छ। सुर्खेतदेखि कालिकोट, जुम्ला र मुगु आउने यात्रु मध्यरातसम्म



कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको ताडी नजिकैको भिरमाजोखिमपुर्ण सडक ।

बारेमा चासो दिन जरुरी छ ।' तर, प्रदेश सरकारले राजमार्गको जिम्मा नलिए झनै समस्या आउने बताएका छन् । कर्णाली राजमार्ग कालिकोट र दैलेख सडक खण्डमा यात्रुले ठुलो दुःख पाएका छन् । साघुरो सडकमा बर्खा सिजनको पानीले सडक हिलाम्मे भएपछि यात्रुले सास्ती खेप्नु परेको हो। सुर्खेतबाट सडकमै अलपत्र पर्ने गरेका छन् । कर्णाली राजमार्गका अधिकांस खोलाहरुमा आवतजावत गर्न गठिन अवस्था छ । वर्षौंवर्षसम्म पक्की पुल ठेकेदारले निर्माण सम्पन्न नगर्दा खोलामा समस्या आएको हो । साना तथा ठुला सवारी साधन जोखिम मलेर

**बाँकी ८ पृष्ठमा.....**

# हिमपातले चम्किय हिमशृंखला

**मिसन न्यूज**

**कालिकोट -** बिहानीको उज्यालोसँगै कालिकोट सदरमुकाम मान्म नजिकैको चुलीको काखबाट दर्जनौं सुन्दर हिमशृंखला नियाल्न सकिन्छ । मध्यमाघको सिचो हावाको सिरेटोसँगै हिउँले सेताम्मे बनेका हिमशृंखला मनमोहक छन् । खडेरीको बेला सुख्खा र नरमाइला लाग्ने डाँडाकाँडा हिमपात र बर्षा भएपछि निकै सुन्दर देखिन थालेका छन् । अग्लो डाँडाँमा रहेको मान्म सदरमुकामबाट हिउँले भरिएका सेता हिमालका चुचुरा नियाल्दा स्वर्गीय आनन्द मिल्छ । कालिकोटका हजारौं स्थानीय हिमशृंखलासँग रमाइ रहेका छन्। हिउँले टलक्क टल्केका हिमालतर्फ



मुस्कुराउँदै धेरैले सुन्दरताको बयान गर्ने गरेका छन्। सुन्दरताले भरिपुर्ण हिमाल र बनजंगलको यतिबेला स्थानीयले हात जोडेर वन्दना गर्ने गरेका छन् । खाँडाचक्रबाट देखिने रास्कोटको लेकाली क्षेत्र, सान्नीत्रिवेणीको उपैयाँडाँडा, नर हरीनाथको दुदुल्ली, र चुलीमालीका हिमाल हिउँले भरिभराउ छन्। हिमपातले भरिएको दृश्य नियाल्न आन्तरिक

**बाँकी ८ पृष्ठमा..**

# कर्णालीका छात्रालाई छात्रवृत्ति

**मिसन न्यूज**

**सुर्खेत -** कर्णाली प्रदेश सरकारले प्राविधिक शिक्षामा महिलाको पहुँच बढाउन बिभिन्न विधामा छात्रवृत्ति सम्बन्धी कार्यक्रम सुरु गरेको छ । सामाजिक विकास मन्त्रालयले चालु आर्थिक वर्षका बजेट कार्यक्रमअन्तर्गत 'छोरीबुहारी छात्रवृत्ति' कार्यक्रम सञ्चालन गरेको हो। सो कार्यक्रमका लागि प्रदेश सरकारले एक करोड ५० लाख रुपैयाँ बजेट खर्च गर्ने तयारी गरेको छ। मन्त्रालयका शिक्षा महाशाखा प्रमुख विष्णुप्रसाद अधिकारीका अनुसार तीन वर्षे स्नातक तहमा र प्रमाणपत्र तहमा व्यावसायिक तथा प्राविधिक शिक्षा अध्ययन गर्न इच्छुक १०० जना छात्रालाई 'छोरीबुहारी छात्रवृत्ति' प्रदान गरिनेछ । 'सरकारी स्कुल पढेका र




कर्णाली प्रदेशका स्थायी बासिन्दालाई छोरीबुहारी छात्रवृत्ति प्रदान गरिनेछ,' उनले भन, 'यसबाट गरिब परिवारका छात्रालाई प्राविधिक शिक्षामार्फत आत्मनिर्भर बन्न मद्दत पुग्ने छ ।' मन्त्रालयअन्तर्गतको शिक्षा विकास निर्देशनालयले छोरीबुहारी छात्रवृत्ति लगायत अन्य ६ विधामा तीन करोड रुपैयाँ खर्च गर्न लागेको जनाएको छ। प्राविधिक उच्च शिक्षामा अध्ययन गर्ने जेहेन्दार छात्रवृत्ति, उच्च शिक्षामा अध्ययन गर्नेका लागि अपाङ्ग छात्रवृत्ति, उच्च शिक्षामा अध्ययन गर्नेका लागि दलित छात्रवृत्ति तथा जेहेन्दार छात्रवृत्ति र कर्णाली प्रदेश स्थापनाका क्रममा शहीद भएका व्यक्तिका छोराछोरीका लागि छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया सुरु गरेको छ।

# मृत हुँदै कलम



रमेश रावल

मैले पत्रकारिता गर्न थालेको झण्डै दुई दशक हुन थाल्यो । पत्रकारितामा धेरै आरोह र अवरोह पार गर्न पाएको छु। धेरै मिडियामा लेख, रचना र समाचार वाइलाइनमा लेखिसकेको छु । यो ढुक्कसँग भन्न सक्छु आजसम्म मैले कुनै पनि कसैसँग पनि सम्झौतामा पत्रकारिता गरेको छैन ।

बरु सस्तो श्रम गरेर पत्रकारितामा बाचिरहेको छु । मलाई पत्रकारिताका लागि दुर्गम विकट क्षेत्र मन पर्छ। त्यसैले धनगढी, काठमाडौंमा रहेर पत्रकारिता गरेर अहिले कालिकोटमा पत्रकारिता गर्दैछु । मैले समाचार लेख्दाका केही रोचक प्रंसग छन् । केही साताअघि 'जनप्रतिनिधिहरू को सवारी साधन मोह' समाचार लेखेँ। कालिकोट जस्तो विकट जिल्लामा बिरामी बोक्न एम्बुलेन्स छैन । तर, कालिकोटका सबै स्थानीय तहका जनप्रतिनिधिहरूले सवारी साधन खरिद गरेका छन् । त्यो समाचार लेखिसकेँपछि एक जना जनप्रतिनिधिले 'तपाईंले हामीलाई राज्यले दिएको सेवा सुविधा रोक्ने समाचार लेख्ने?' भनेर प्रश्न गरे । ती जनप्रतिनिधिलाई के थाहा रहेनछ भने नेपाल सरकारको कुनै कानुनमा पनि जनप्रतिनिधिका लागि अनिवार्य सवारी साधन दिने भनेको छैन भनेर। मैले उनलाई जवाफ दिए 'तपाईं आफैं आफ्नो कार्यविधि बनाएर सवारी साधन चढ्नु भएको हो। राज्यको कुनै कानुनमा जनप्रतिनिधिलाई सवारी साधन दिने भनेको छैन ।' अहिले ती जनप्रतिनिधि बदला लिने भन्दैछन् रे ! पत्रकारितामा त्यही आरोप लाग्न थालेको छ । मिडियाहरू विज्ञापन पाउन समाचार लेख्न थालेँ र विज्ञापन पाएपछि चुप लाग्छन् । मिडियाका कर्पोरेट हाउसका मालिकहरूले भनेको अनुसार चल्न थालेँ र सम्पादकीय स्वतन्त्रता मर्दै गयो । एक दशकअघि मैले एउटा समाचार पश्चिम नेपालमा खोटो संकलनमा बढी विषादी हालिएका कारणले सल्लाका रुख सुक्न थाले भनेर समाचार लेखेँ ।

समाचार दिन नै खोटो संकलन गर्ने कम्पनीका म्यानेजरले फोन गरेर तपाईंले लेखेको समाचारका कारणले मेरो परिचय ठाउँ-ठाउँमा हुन पायो। तपाईंलाई बधाई छ । चिया सँगै खाऔं । भेटौन सर भने । म उनको चिया खान गइन् । धन्यवाद भनेर टारिदिए । यसको दुई वर्षअघि कालिकोट जिल्लाका राजनीतिक दलका नेता, कर्मचारी लिएर असार मसान्तमा नजिकिँदै गर्दा एलडिओ साव सिक्किम भ्रमणमा गएका थिए । त्यो समाचार मैले राष्ट्रिय पत्रिकामा लेखेँ। उनलाई मन्त्रालयबाट फोन गरेर किन गएको भनेछन्। तर, ती एलडिओ यति खुसी थिए कि पछि भेट हुँदा 'तपाईं समाचार लेखेका कारण म सिक्किम भ्रमण गएको कुरा देशभर प्रचार भयो। तपाईंलाई धन्यवाद' भने। ७० दशकको सुरुमा नै म कालिकोटको एउटा स्थानीय पत्रिकामा काम गर्न आएको थिए। यहाँ आउँदा धेरै बेथिति देखेँ । त्यसविरुद्ध समाचार लेखेँ । आएको दुई महिनामै लखेटिनु पऱ्यो । फेरि सबैको पहलमा स्थापित कालिकोट जिल्लामा भएँ। तर, यता त्यही कारणले हो कि क्या हो । सिधा औला त कसैले उठाउदैन् । ठाउँ ठाउँमा अपमानित चाहिँ हुनु परेको छ। एक जना पत्रकार मित्रले मलाई 'तपाईंले धेरै विषयमा समाचार लेखेर के हुन्छ ?' छाडिदिनुस् भने। यी उदारणहरूले के देखाउँछ भने देशका कर्मचारी, नेता, जनप्रतिनिधि, समाजका बौद्धिक वर्ग कसैमा पनि आलोचनात्मक चेत छैन। सुझाव ग्रहण गर्ने सामर्थ्य राख्न सक्दैन । सबैले कलमलाई केवल मृत बनाउन चाहन्छन् । जीवित कलमसँग समाजमा हरेक गलत काम गर्ने मानिस डराउनु पर्ने हो। तर, उ निर्धक्क भन्छ, 'कलम केवल मृत अवस्था छ ।' समाजका हरेक क्षेत्रले अहिले कलमलाई मृत बनाउन खोजेका छन् ।

नेपालमा एनसेल कर छली, वाइडवडी लगायतका अर्बौं भष्टाचार भएका छन्। अख्तियारले केवल १५ सय भष्टाचार गर्ने पक्राउ गर्छ । अर्बौं भष्ट्राचार भयो भनेर अघिल्लो दिन समाचार लेख्ने कर्पोरेड मिडिया हाउसहरूले भोलिपल्ट ज्याकेट विज्ञापन पाउँछन् र अनलाइनहरूको रुट ब्लक हुन्छन्। अनि मिडिया मालिकहरू पनि बौद्धिक पत्रकारहरूको हातमा रहेको जीवित कलमलाई मृत बनाउन लागि पर्छन् । पत्रकारहरू आफ्नो रोजीरोटीका लागि गुपचुप त्यो कुरा सहन्छन् । नेपालका बौद्धिक जगतले ठूलो आलोचना गरेर लेखेको हुन्छ । अर्को बौद्धिक भन्ने मानिसले उसको खुब समर्थनमा लेखेको हुन्छ। समाजको ऐना भनिएकाहरूबीच यस्तो स्थिति भए समाजले सही सूचना कहिले पाउने ? समाजमा रहेका बौद्धिक मानिससँग आलोचनात्मक चेत हराउँदै गएमा समाज गुमराहमा रहन्छ। बौद्धिक मानिसले समाजलाई सही दिशा दिन हरेक गतल प्रवृत्ति, गलत विचार र सरकारले गर्ने हरेक कदमको दूरगामी असर, फाइदा, महत्त्वबोध गर्नुपर्ने हुन्छ । बौद्धिक जगतले यो काम गर्न सकेन भने समाज कुन अवस्थामा रहन्छ, त्यो भन्न सकिन्न । अहिले नेपाली समाज र विश्वमै पनि बौद्धिक जगतलाई एउटा आरोप लाग्दै आएको छ । सत्ताको वरिपरि घुम्ने । बौद्धिक वर्गले पदका लागि सत्ताको गुणगान गाउन थालेँ। पत्रकारितामा त्यही आरोप लाग्न थालेको छ । मिडियाहरू विज्ञापन पाउन समाचार लेख्न थालेँ र विज्ञापन पाएपछि चुप लाग्छन् । मिडियाका कर्पोरेट हाउसका मालिकहरूले भनेको अनुसार चल्न थालेँ र सम्पादकीय स्वतन्त्रता मर्दै गयो । विश्व केही जसले आफूलाई सबैभन्दा लोकतान्त्रिक भन्छन् । ती देशका शासन गर्नेहरूले आलोचना गर्नेलाई हत्या गर्ने, धम्की दिने र मार्ने क्रम तीव्र भएको छ। साउदी अरेबियाको राजपरिवारका आलोचक पत्रकार जमाल खग्गोसी सन् २०१८ को अक्टोबर २ मा टर्कीको इस्तानबुलस्थित साउदी दूतावासमा हत्या भयो। भारतमा पनि जेएनयु विश्वविद्यालयका वामपन्थी विद्यार्थी कन्यैहा कुमारविरुद्ध मुद्दा दायर भएको छ। चीनको कुरा छोडौं नेपालमा पनि त्यसको प्रारम्भिक झिल्का देखिदैंछन् । जस कारण यो आर्थिक वर्षमा मात्र समाचार लेखेको निहुँमा १५ जनाभन्दा बढी पत्रकारलाई प्रहरीले साइबर कानुनमा मुद्दा चलाएको छ । जहिले पनि, जुनसुकै देशमा शासकीय स्वरूप र चरित्र भनेको स्वस्थ्य आलोचना सहन गर्न सक्ने क्षमता हुँदैन ।

नेपालमा अहिलेका तीनै तहका सरकार मन्त्री, स्थानीय सरकारका प्रतिनिधिहरूले ठाउँ ठाउँमा मिडियाप्रति सार्वजनिक आलोचना गर्दैआएका छन् । उनीहरू भन्दछन् 'हामीलाई मिडियाले सधैं आलोचना मात्र गऱ्यो।' तर, उनीहरूमा यो हेक्का हुन जरुरी छ कि कुशल शासकले जहिले पनि अरूको आलोचना सुन्न सक्ने क्षमता राख्दछ। व्यवहारमा सुधार ल्याउँछ । जसरी विश्वका मिडियाका कर्पोरेट हाउसहरूले समाजमा रहेका गलत प्रवृत्तिविरुद्ध आलोचना गर्न थालेँ कि तिनीहरू बन्द भएका छन् कि त बार्गेनिङ्ग गर्ने साधनका रूपमा प्रयोग भएका छन्। नेपालमा पनि साना लगानी र ठूला लगानीका मिडियाहरू पनि त्यसको सिकार बनेका छन् । नेपालमा अहिले च्याउसरी खुलेका अनलाइनहरूमा एउटामा एउटा समाचार हुन्छ अर्कोमा अर्कै । ठूला भनिएका पत्रिकामा पनि त्यही। अनि जनताले कसरी सत्य सूचना कसरी पाउने ? कसको सत्य मान्ने? साधारण जनता जहिले पनि अन्योलमै बाच्न विवश बनाउने हामी कलमजीवी! नेपालका बौद्धिक जगतले ठूलो आलोचना गरेर लेखेको हुन्छ। अर्को बौद्धिक भन्ने मानिसले उसको खुब समर्थनमा लेखेको हुन्छ ।

बाँकी ४ पृष्ठमा..

## साताको भाग्यफल

**मेष** : अवसर प्राप्त भए पनि बेलामा हिम्मत गर्न नसक्दा काममा बाधा पर्नेछ। आफ्नैले पनि धोका दिन सक्छन् । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

**वृष** : प्रारम्भमा स्वास्थ्य कमजोर रहनेछ भने अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला । अरूको स्वार्थमा उपयोग भइने समय रहेकाले सावधान रहनुहोला ।

**मिथुन** : परिस्थितिवश चिताएको लाभांश नउठ्नाले अर्थ अभाव देखापर्न सक्छ। दुर्भावना राख्नेहरूले दुःख दिनेछन् ।

**कर्कट** : प्रियजनसँगको भेटघाटले सुरुआत रमाइलो रहनेछ। व्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ। आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ।

**सिंह** : प्रारम्भमा प्रतिस्पर्धीहरूले दुस्ख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ। खर्च लागे पनि प्रयत्न गर्दा अवसर हात पार्न सकिनेछ।

**कन्या** : प्रारम्भमा अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ। लक्ष्यअनुसार काममा जुट्न नसकिएला। अप्रिय समाचारले चिन्ता बढाउनेछ।

**तुला** : प्रारम्भमा घरेलु समस्या देखापर्न सक्छन्। अरूलाई दिएको वचन पूरा गर्न नसक्दा समस्या देखापर्नेछ। पारिवारिक समस्याले सताउन सक्छ।

**वृश्चिक**: बेलामा होस नपुर्याउँदा केही चुनौती आउन सक्छन्। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्।

**धनु** : साता केही संघर्षमय रहनेछ। अध्ययनमा त्यति समय दिन नसकिएला। काममा आक्षेप लगाउनेहरूले सताउन सक्छन्।

**मकर** : प्रारम्भमा इच्छाशक्ति बढ्नाले नयाँ काम थालनी हुनेछ। आँटले लक्ष्यमा पुर्याउन सक्छ। सरल जीवनशैलीले धेरैको मन लोभ्याउन सकिनेछ।

**कुम्भ** : प्रारम्भमा स्वास्थ्य र अर्थमा समस्या पर्न सक्छ। आकस्मिक खर्च बढ्नेछ भने समस्या टार्न कर्जा लिनुपर्ने हुन सक्छ।

**मीन** : साताको प्रारम्भ अनुकूल रहनेछ। सुरुमा व्यापारमा लाभांश बढ्नेछ भने उठ्नुपर्ने रकम हातलागी हुनेछ। आयआर्जन राम्रो हुनेछ।

# जिल्लामा पहिलो पटक अगरवती उद्योग संचालन

**मिसन न्यूज**

**कालिकोट** - जिल्लाको रास्कोट नगरपालिका वडा नं. २ सिपखानामा पहिलो पटक धुप उद्योग संचालन गरिएको छ। रास्कोटकै अगुवा किसान परीलाल न्यौपानेले दर्ता गरेको न्यौपाने कृषि फर्मको आयोजना र घरेलु तथा साना उद्योग बिकास समिति कालिकोटको सहयोगमा सिपखानामा ७ दिने धुप उत्पादन सम्बन्धि तालिम दिएपछि स्थानिय किसानहरुको सक्रियतामा जिल्लामै पहिलो पटक धुप उद्योग संचालनमा आएको हो।

घरेलु तथा साना उद्योग विकास समितिले तालिमसँगै ७० हजार बराबरको आर्थिक सहयोग पाएपछि आफुहरुले ५० हजार बराबरको लगानी गरी कच्चा पदार्थ समेत गरीद गरी धुप उत्पादन गर्न लागेको अगुवा किसान परीलाल न्यौपानेले बताए। उनले धुप उद्योग स्थापना गरी उत्पादन गर्न थालेको ७ दिनमै ४० दर्जन धुपका पिसहरु उत्पादन गरेको बताउदै सानो लगानीले ठुलो आम्दानी गर्न सकिने बताए। उनले भने, पहिले बजारबाट प्रति पिसको २५ रुपैयामा किनेर बजारको धुप ल्याएर घरमा बाल्दै आएका थियौं। तर आफैले अहिले उत्पादन गर्दा प्रति पिसको २० रुपैयामा बिक्रि गर्न लागेका छौ। एक पिस धुपमा १५ सरा हुन्छन्। जुन धुप दर्जन पिस कसैले खरीद गरे २ सय रुपैयामै पाउछ। उनले हातले नै काउलोका बोक्रा र बाँस चिरेर उत्पादन गर्दा पनि एक दिनमा ५ दर्जन धुप उत्पादन गरिएको बताउदै काउलो पिस्ने मेसिन र बाँसका सरा चिर्ने मेसिन खरिद गर्न सकिए उत्पादन परिणम बढाउन सकिने बताए। उनले भने, गाँउमै रहेछ कच्चा पदार्थ। हामी बजारबाट महंगोमा धुप खरिद गरेर घरमा बाल्ने गरेका रहेछौं। हिमपेथी मौरी पालन कृषक समुहमा आवद्ध किसानहरु समेत गरी १० जना किसानहरु यस उद्योगमा लागि परेका छन्। विगत २० बर्षदेखी व्यवसायीक रुपमा तरकारी खेती तथा मसला बालीको खेती गर्दै आएका अगुवा किसान न्यौपानेले भने, अब चाँडै उद्योगी पनि बन्ने अवसर पाएका छौं। अब सामुहिक रुपमा सबैको सक्रियतामा कालिकोटकै पहिलो धुप उद्योगले गरेको उत्पादन जिल्ला तथा आसपासका बजारहरुमा पठाउने छौं। धुप उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थहरु काउलोको बोक्रा, बाँसको सरा गाँउमै प्रसस्त पाईने गरेको छ। त्यस बाहेक डिएपी तेल, सेन्ट र कभर मात्र बाहिरबाट ल्याउनु पर्ने अवस्था छ। धुप उद्योगमै आबद्ध अर्का किसान नउले लुवारले अन्य पेशा व्यवसाय भन्दा धुप उत्पादन गर्नु निकै सजिलो लागेको

बाँकी ४ पृष्ठमा..



कालिकोटको जिल्लाको रास्कोटमा अगरवती वनाउदै स्थानीय वासिन्दा।


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔं।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## जिल्लामा पहिलो पटक.........................

बताए । उनले गाँउमा बसेर उद्यमशीतासँगै मौरी पालन तथा तरकारी खेती पनि गरिरहेको बताए । उनले भने, अब हामी कसैले धुप उत्पादनमा जोड दिन्छौं । बसैले बजारीकरणमा जोड दिन्छौं । सबैको सहयोगले कर्णाली प्रदेशलाई नै धुपमा आत्म निर्भर बनाउने योजना छ । यस्तै अर्का किसान देवीलाल न्यौपानेले आफैले उत्पादन गरेको धुप घरमा बाल्दा निकै बास्ना आएको महसुस भएको बताए । उनले सुरुवातमा गरिएको उत्पादन धेरैलाई चिनोको रुपमा पनि बितरण गरिएको बताउदै अब व्यवसायीक योजना अनुसार अगाडी बढ्ने बताए ।

कर्णालीपाटीबाट

## मृत हुँदै.......................................

समाजको ऐना भनिएकाहरूबीच यस्तो स्थिति भए समाजले सही सूचना कहिले पाउने ? हामी जस्ता कलमजीवीहरू एक अर्काको समर्थनविरुद्धमा लेख्दै बस्ने, जनताले पारस्परिक विरोधी समाचार, लेख पढेर एक आपसमा झगडा गरेर बस्ने, अनि नेपाली समाजको प्रगति कहिले हुने ? कलमलाई केवल मृत कलम बनाउने अनि समाज पनि मृत हुँदै कहिलेसम्म जाने ?

**पचालझरनाको सन्देश**

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

पचालझरना गाउँपालिका
कालिकोट

**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कालिकोट

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# स्वास्थ्य

## समयमै निदाउन अपनाउने ११ उपाय

जो समयमै निदाउन सक्छन्, उनीहरूको मानसिक र शारिरीक दुवै स्वास्थ्य राम्रो हुने चिकित्सकहरू बताउँछन् । बेलैमा मस्त निदाउन सक्ने व्यक्तिको अनुहान पनि सुन्दर देखिन्छ । यदि यस्तो छ भने यी १० उपाय अपनाउनुस् जसले तपाईंलाई मस्तसँग निदाउन मद्दत गर्नेछन् ।

**१. घामको ताप ताप्ने** -अचम्म लाग्न सक्छ, मीठो निद्राका लागि घाम ताप्नु आवश्यक छ । हरेक दिन सूर्यको प्रकाशमा बस्ने गर्नुहोस् । जसले तपाईंलाई समयमै निद्रा पर्छ साथै सूर्यको किरणबाट प्राप्त हुने भिटामिन डी पनि प्राप्त हुन्छ ।

**२. व्यायाम गर्ने**-बाहिरफेर हिँड्ने बानी गर्नुहोस् जसले तपाईंलाई राम्रो निद्रा पर्छ ।

**३. साँझको समय कफी, क्यािफन सेवन नगर्ने**-तपाईंलाई थाहा छ ? चिया, कफीले निद्रा भगाउने काम गर्छन् । एकपटक सय मि.ग्रा. क्यािफन सेवन गर्नुभयो भने यसको असर शरीरमा सात घण्टासम्म रहन्छ ।

**४. खाना खानेबित्तिकै नसुत्ने**-खाना खानेबित्तिकै सुत्नु स्वास्थ्यका लागि राम्रो मानिँदैन ।

**५.साँझ पर्नेबित्तिकै सुत्ने गर्ने**- राति छिटो सुत्ने बानी गर्नोस् । छिटो सुत्ने बानीले तपाईंलाई आनन्द त मिल्छ नै । साथै राम्रो निद्रा पनि पर्छ ।

**६. ओछ्यानमा जानुअघि यसो गर्ने** -नुहाउनुहोस्, दाँत माझ्नुहोस् र उपयोगी पुस्तकका केही पृष्ठ पढ्नुहोस् ।

**७. ओछ्यान आनन्दयुक्त बनाउने**- निदाउन शरीरलाई १६ देखि १८ डिग्री सेल्सियस तापक्रम उचित मानिन्छ । जब बाहिर बढी तापक्रम हुन्छ तब भित्रको वातवरण केही चिसो बनाउने । बाहिर जाडो छ भने भित्र केही न्यानो बनाउनुहोस् ।

**८.ओछ्यान चिटिक्क पार्ने**- सकेसम्म आफ्नो सुत्ने कोठा, ओछ्यान सफा र चिटिक्क पार्नुहोस् ।

**९. ठीक साइडमा मात्र सुत्ने गर्ने**- सुताइको साइड नमिल्दा पनि निद्रा पर्दैन । मुटु, उच्च रक्तचापका रोगी छन् भने ठीक साइडमा सुत्दा मुटुलाई दबाब पर्दैन ।

**१०.सुत्ने समयमा नकारात्मक नसोच्ने**- भनेको कुरा व्यवहारमा उतार्न सजिलो छैन । तर आँखा बन्द गर्ने बेलामा राम्रा विचार मात्र मनमा ल्याउनुहोस् ।

**११. निदाउने बेला भूतका कथाहरू नसुन्ने**-डरलाग्दा भूत या अपराधका फिल्म हेर्ने बानी छ भने तुरुन्त छाड्नुहोस् ।

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय
कालिकोट

•••••••••••••••••••••••••••••••••••••••••••••••••••••••••

# चउरमा पठनपाठन गर्न बाध्य

**विष्णुप्रसाद न्यौपाने**

**कालिकोट** - पलाँता गाउँपालिका-२ मष्टा आधारभूत विद्यालयका बालबालिका का कक्षाकोठा अभावमा चउरमा बसेर पढ्न बाध्य छन् । कक्षा ५ सम्म पढाइ हुने उक्त विद्यालयमा अध्ययनरत ७२ जना बालबालिका कक्षाकोठा अभावमा चउरमा अध्ययन गर्न बाध्य भएको प्रधानाध्यापक मनऋषि न्यौपानेले बताए ।

उनले भने, 'बाहिर हावाहुरी लाग्दा, पानी पर्दा एकै कक्षाकोठामा दुई कक्षाका विद्यार्थी राखेर शिक्षण गर्दै आएका छौं ।' मौसम सफा भएको दिन चउरमा राखेर पढाउँदै आएको उनले जानकारी दिए । २०५५ सालमा स्थापित मष्टा आधारभूत विद्यालयको चारकोठे एउटा मात्र भवन छ । जसमा एक कोठामा कार्यालय व्यवस्थापन गरिएको छ भने तीन कोठा पठनपाठनका लागि प्रयोग हुँदै आएका छन् । दरवन्दी नै नभएको विद्यालयमा पठनपाठन गराउन कठिन छ । विद्यालय स्थापना भएको दुई दशक बित्दासमेत एउटा पनि दबरन्दी प्राप्त गरेको छैन । तीन जना शिक्षक कार्यरत विद्यालय स्थापना भएको २० वर्ष पुगिसक्यो । दुई जना राहत अनुदान कोटा र एउटा गाउँपालिकाको सहयोगमा अध्यापन भइरहेको छ । प्रधानाध्यापक न्यौपानेले भने, 'हामीले बाध्यताले बहुकक्षा शिक्षण प्रणाली अपनाएका हौं, सबै कक्षालाई ४५ मिनेटको समय दिन सकिरहेका छैनौं । प्रतिकक्षालाई २५ मिनेटका दरले छुट्याएर एक घण्टामा दुई कक्षाका विद्यार्थीलाई पढाइरहेका छौं ।' भौतिक संरचना अभावका कारण एकै कक्षाकोठाको दुईतिर दुई कक्षाका विद्यार्थी राखेर त्यसै कक्षाभित्र एक घण्टामा दुई पिरेड शिक्षण गर्नुपरेको उनले बताए । 'गाउँपालिकामा समस्या जानकारी गराए पनि विद्यालय भवन निर्माणमा बजेट विनियोजन भएन', उनले भने, 'पहिले एक जना निजी स्रोतका शिक्षकको तलब व्यवस्थापन गर्ने समस्या हुँदै आएको थियो, गाउँपालिकाले व्यवस्थापन गर्दा केही सहजचाहिँ भएको छ ।' **निजी स्रोतलाई गाउँपालिकाको सहयोग**-पलाँता गाउँपालिकास्थित सबै विद्यालयमा निजी स्रोतमा शिक्षण गर्दै आएका ६७ जना शिक्षकको तलब गाउँपालिकाले व्यवस्थापन गरिदिएको छ । गाउँपालिकाका अनुसार कक्षा १ देखि ३ सम्मको विद्यालयका शिक्षकलाई प्रतिमहिना १० हजार, कक्षा ५ सम्मको विद्यालयका शिक्षकलाई १२ हजार, ८



संरचना अभावमा चउरमा अध्ययन गर्दै मष्टो आधारभूत विद्यालयका विद्यार्थी ।

बाँकी ८पृष्ठमा....


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**


**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## अन्तराष्ट्रिय न्युज

# नेपाल र भूटान भारतीय भूभाग



एजेन्सी-अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपाल र भूटानलाई भारतीय भूभाग ठान्ने गरेको खुलासा भएको छ। ट्रम्पले अमेरिकी गुप्तचरहरूको एउटा समूहलाई दिएको ब्रिफिङका क्रममा नेपाल र भूटान भारतीय क्षेत्रमा पर्ने बताएका हुन्। ट्रम्पले नेपाल र भूटानलाई भारतीय भूभाग भनेपछि उनका सल्लाहकारहरूले दक्षिण एसियाको नक्सा मगाएरै सम्झाउनु परेको थियो । सल्लाहकारले अफगानिस्तानदेखि बंगलादेशसम्मको भूभाग देखाएर सम्झाएका थिए । उनीहरूले नेपाल र भूटान भारतीय भूभाग नभए स्वतन्त्र राष्ट्र हुन् भनि सम्झाएको गुप्तचर अधिकारहरूको भनाइ उद्धृत् गर्दै टाइम म्यागिजनको अनलाइन संस्करणले उल्लेख गरेका छ । ट्रम्पले नक्सामा देखाउँदै नेपाल भारतको भूभाग थियो भनेपछि सल्लाहकारहरूले नेपाल स्वतन्त्रण मुलुक हो भनी सम्झाए । त्यसो भए भूटान भारतको भूभाग थियो त भनि सोधे । त्यसपछि भूटान स्वतन्त्रण राज्य हो भनि बताए ।


**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका कार्यालय**
**कालिकोट**



**रास्कोट नगरपालिकाको सन्देश**

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**रास्कोट नगरपालिका कार्यालय**
**कालिकोट**


## ज्ञानमाला

१.जेठि वहुरानी हिमाल कुन हिमश्रृखलामा पर्दछ ?
- गुराँस हिमश्रृखला

२.संसारको फलफुलको वगैचा भनेर कुन हावापानीलाई चिनिन्छ ?
-भुमध्यसागरिय

३.आदिवासी जनजाती वर्गिकरण अनुसार वनकरिया कुन समुहमा पर्छ ?
-लोपोन्मुख

४.वर्तमान संविधानको कुन धारामा जनमत संग्रह गर्न सकिने व्यवस्था छ
-धारा २७५

५.लिच्छवीकालमा सवैभन्दा कम मुल्यको मुद्रालाई के भनिन्थ्यो ?
-पण

६.काठमाण्डौ-धुन्चे सडकलाई के नामाकरण गरिएको छ ?
-पासाङ ल्हामु मार्ग

७.चालु चौधौ योजनाले गरिवीको रेखामुनि रहेको जनसंख्या कति प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ?
-१७५

८.चितवन राष्टिय निकुन्जको क्षेत्रफल कति रहेको छ ?
-९५२.६३ वर्ग कि मि

९.2068 सालको जनगणना अनुसार कुनै न कुनै रुपमा अपाङ्गता भएको जनसंख्या कति छन ?
-१.९४५

१०.अक्सिजन कुन वैज्ञानिकले पत्ता लगाएका हुन ?
-जोसेफ प्रिष्टले

११.अन्तराष्टिय न्यायालयको मुख्यालय कहा रहेको छ ?
-नेदरल्याण्डको द हेग

१२.असंलग्न राष्टहरुको 17 औ शिखर सम्मेलन सन 2016 मा कहा सम्पन्न भएको थियो ?
-भेनेजुयला

१३.Boston Tea Party कहिले घटेको थियो ?
-सन 1773

१४.गोदावारीमा 12 वर्षे मेला कसले चलाएका हुन ?
-निमिष

१५.भिटामिन ऋ को रासायनिक नाम के हो ?
-एस्कर्बिक एसिड

१६.सन 2017 को अर्थशास्त्र तर्फको नोवल पुरस्कार कसले प्राप्त गरे ?
-रिचार्ड थालर


*एक घर एक करेसावारीको स्थापना गरौं ।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥*

**पचाल झरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट**



**सम्पुर्णमा हाम्रो अनुरोध**

**गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# दैलेखमा ब्लड बैंक नहुँदा समस्या

**मिसन न्यूज**

**दैलेख** - जिल्लाको नारायण नगरपालिका १ की २१ वर्षीया नवीना केसी जिल्ला अस्पताल दैलेखमा प्रसूति हुन गइन् । जिल्ला स्वास्थ्य कार्यालय दैलेखले दिएको मितिअनुसार प्रसूति गराउन गएकी उनलाई व्यखथा लागे पनि बच्चा जन्मन सकेन । जिल्ला स्वास्थ्य कार्यालयले अप्रेसन गर्ने सबै तयारी गरेपछि उनलाई बी नेगेटिभ ब्लड चाहिने भयो । तर, जिल्लाभर खोजियो उनलाई मिल्ने ब्लड कतै पाइएन । पछि जिल्ला स्वास्थ्य कार्यालयले उनलाई क्षेत्रीय अस्पताल सुर्खेतमा रिफर गर्योय । सुर्खेतमा अप्रेसन भयो र उनलाई ब्लड नै चढाउनुपरेन । उनको स्वास्थ्य अवस्था सामान्य रहेको उनको परिवारले जनाएको छ । उनी मात्र होइन नौमुले गाउँपालिका ४ की २५ वर्षीया मनकला राम्जाली प्राथमकि स्वास्थ्य केन्द्र नौमुलेमा प्रसूति हुन आइन् । त्यहाँ प्रसूति हुन नसकेपछि प्राथामिक स्वास्थ्य केन्द्र नौमुले जिल्ला अस्पतालमा रिफर गर्यो । उनको सामान्य रूपमा बच्चा जन्मिन नसकेपछि जिल्ला अस्पताल दैलेखले अप्रेसनको तयारी गर्योम । रगतको आवश्यक भएपछि जिल्ला स्वास्थ्य कार्यालय दैलेखले नेपाली सेनाको गुल्ममा जिल्ला प्रहरी कार्यालय




दैलेख जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत डा. अनील खरेल रगत दिदै ।

दैलेखमा खवर गर्यो । त्यहाँ पनि नपाइएपछि जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत डा अनील खरेलले आफैँ रगत दिएर उनको ज्यान बचाए । जिल्ला स्वास्थ्य कार्यालय दैलेखमा दैनिकजसो रगत अभावले बिमारीका आफन्त छटपटाइरहेका हुन्छन् । बिरामीका आफन्त र स्वास्थ्यकर्मी आफन्तलाई रगत खोज्दैमा घण्टौँ बित्छ आवश्यक रगत चाहिएमा नेपाली सेनाको सैनिक गुल्म र प्रहरीको रक्त समूह मिलेपछि आफ्नो ड्युटी छोडेर अस्पतालमा दोड्नुपर्ने बाध्यता छ । जिल्लामा ब्लड बैंक नहुँदा बिरामीका आफन्त ले थप सास्ती खेप्नुपरेको छ । रक्तदाता खोजेर रक्त समूह पहिचान गर्नमै बढी समय लाग्ने र बिरामीलाई समयमै ब्लड दिन नसकेको जिल्ला स्वास्थ्य कार्यालय दैलेखका डा निरञ्जन पन्तले बताए । उनले जिल्लामा रहेको दैलेखी युथ जिल्ला स्वास्थ्य र रेडक्रसले २०७२ सालमा गएको भूकम्पको बेला सयुक्त रूपमा रक्तदान कार्यक्रमको आयोजना गरे पनि आवश्यक पर्ने भण्डारका लागि संकलित सबै रगत सुर्खेतमा पठाउनुपर्योल जिल्लामा ब्लड बैंक स्थापना हुन नसक्दा भएको रगत सुर्खेत पठाएपछि जिल्लामा आवश्यक पर्दा रगत पाउन नसकिने अवस्थामा रहेको डा पन्तले बताए । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रेम क्षत्रीले जिल्ला अस्पतालको मागअनुसार आफूले रक्तदान गर्ने गरिरहेको बताए । उनले भने, 'यहाँ ब्लड बैंक छैन ब्लड बैंक भनेको हामी प्रहरी र सेना हौँ । मृत्युको मुखमा पुगेकालाई समेत बचाएका छौँ ।' ठूलो समूह एकै स्थानमा भए पनि रक्तदानका लागि बेग्लै कन्भिन्स गर्नु नपर्ने भएपछि जिल्ला स्वास्थ्य कार्यालयले पनि सिधै सेना र प्रहरी अधिकृतसँग सोझै सम्पर्क गर्छन् । स्थानीयले रक्तदान गर्नुपर्छ भन्ने भावनासमेत नभएको अधिकारकर्मी राधा मल्लले बताइन् ।

बाँकी ८ पृष्ठमा..


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## हिमपातले चम्किय.......................

पर्यटकको भिड लाग्ने गरेको छ। माघको पहिलो साता नै हिमपात र बर्षा भएसँगै यो क्षेत्रमा बनजगंल र हिमालहरु र साएका छन् । स्थानीयले सेताम्मे हिमाललाई देवता जस्तै पुज्ने गरेका छन्। कालिकोटमा हिउँले भरिएका अग्ला हिमालहरुमा देवि देवताका मन्दिरहरु छन् । हिमशृंखलालाई पुजाआजा गर्ने परम्परा रहेको छ । हिमपात भएपछि चम्किलो देखिने रास्कोटको ठीगेल्नी, खाँडाचक्रको चुली मालिका हिमाल दर्शन गरेपछि फूर्तिलो अनुभव हुने धार्मिक विश्वास छ । विहान उठ्नेबित्तिकै हिमालको दर्शन गरे विपत्ति, अनिकाल नलाग्ने परम्परागत मान्यता छरु। सांस्कृतिक रूपमा पनि यस्ता प्राकृतिक सम्पदालाई सम्मान र पूजा गर्ने मौलिक परम्परा नेपालमा छ। सदरमुकाम वर पर घुम्ने र हेर्ने छोटा गन्तव्यहरू धेरै छन्। बिदाको सदुपयोग गरेर शनिवार को दिन केही छोटा गन्तव्यमा आन्तरिक पर्यटकले पदयात्रा गरेर रमाइलो गर्ने गरेका छन् ।माघ महिनाको १५ गते देखि यता अहिले वर्षा सकिने, जाडो र गर्मी दुवै कम हुने हुँदा उज्यालो आकाशमा टाढैबाट पनि रमणीय हिमालहरू देखिने गरेका छन्। हिमपातले गर्दा किसान पनि निकै खुसी छाएको छ।

## चउरमा पठनपाठन..............................

सम्मको विद्यालयका शिक्षकलाई १५ हजार, १० सम्मका विद्यालयका शिक्षकलाई २० हजार र १२ सम्मको विद्यालयका प्रतिशिक्षकलाई २५ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । स्थानीय दुधेसिल्लो माविका प्रधानाध्यापक मानबहादुर रोकायाले भने, 'गाउँपालिका ले शिक्षा क्षेत्रको विकासका लागि चासो दिएन, निजी स्रोतका शिक्षकको तलब व्यवस्थापनबाहेक भौतिक पूर्वाधार र शैक्षिक गुणस्तर सुधारका क्षेत्रमा कुनै कार्यक्रम बनाउन सकेन ।' जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ कालिकोटका अनुसार जिल्लामा दुई सय ९४ विद्यालयमध्ये ९९ विद्यालय दरबन्दीविहीन छन्।

## दैलेखमा ब्लड बैंक नहुँदा.................

उनले ब्लड दिनसमेत हिच्किच्याउने प्रवृत्तिका कारण समस्या हुने गरेको बताइन् । जिल्ला अस्पतालका डा निरञ्जन पन्तका अनुसार धेरैजसो गर्भवती सुत्केरी र चोटपटक लागेकालाई रगत चढाउनुपर्ने अवस्था हुन्छ जिल्लामा रगतको खाँचो धेरै परे पनि जिल्लामा ब्लड बैंक नहुँदा समस्या भएको उनले बताए। उनले आवश्यक पर्ने जनशक्ति जिल्ला अस्पतालमा भए पनि आपश्यक पर्ने सामग्री उपलब्ध गराउन नसकेर संकलित रगतसमेत प्रयोग नभएर खेर जाने बताए । नारायण नगरपालिका दैलेखका नगर प्रमुख रत्नबहादुर खड्काले रगत अभाव हुने समस्याका लागि नारायण नगरपालिकाबाट जिल्ला अस्पताल दैलेखलाई ५० शय्याको अस्पतालका रूपमा विकास गर्नका लागि नगरसभाले समेत पारित गरेर प्रदेश सरकारमा पठाएको र चाँडै ५० शैयाको अस्पताल निर्माण गरेपछि ब्लड बैंकको स्थापना हुने बताए। थाहाखबरबाट

**'भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## चुनौती वन्दै कर्णाली...................

यात्रुलाई गन्तव्यमा पुगाउने गरिएको छ। राजमार्गको अवस्था हेर्दा निकै खतरा रहेको गाडि चालक सुनील विष्टले बताए । उनले भने, 'खोला आयो भने डर लाग्छ। नाम मात्रको पक्की सडक रहेछ। सडक डिभिजनले रेखदेख गरेको छैन् । कर्णाली राजमार्गमा यात्रा गर्ने हजारौं यात्रु र गाडि व्यावसायीले दुःख पाउँने गरेका छन् । सडको स्तरउन्नोतिको लागि सरकारी निकायबाट कुनै पनि पहल गरिएको छैन् । सुर्खेतबाट वसको यात्रामा कालिकोट आउँदै गरेका यात्रु भुपाल चौलागाईले बाटोमा निकै सास्ती पाएको सुनाए । उनले भने, 'सडकको हालत यस्तो जोखिम हुँदाहुँदै प्रदेश सरकारले कुनै वास्ता गरेको छैन । राजमार्गको यात्रा निकै जोखिमपूर्ण बन्दै गएको छ। कर्णाली राजमार्गको घट्टे खोला, दहीखोला, गगने, शेरीघाट र सुनार खोलामा सडक हिलाम्मे भएछि यात्रा जोखिमपूर्ण बन्दै गएको हो । कालिकोट सदरमुकाम नजिकै रहेको सुनार खोलामा दैनिक यात्रुले गाडी धकेल्नु बाध्यता छ। चालक गोरखबहादुर शाहीले भने, 'सुनार खोलाले असारदेखि नै सास्ती दिँदै आएको छ। सडक हिलोले भरिएकाले दैनिक सास्ती हुन्छ ।' सुर्खेतदेखि छुटेको गाडी राजमार्गको अवस्थाकै कारणबीच बाटोमै जाम हुँदा एकै दिनमा कालिकोट पुग्न सक्दैन् । कर्णाली राजमार्गको सबैभन्दा बढी कालिकोट खण्डको दही खोला, गगने खोला, सेरीघाट, सुनार खोला, गल्ली, मोल्फा, सिम्ले खोला, पिलीलगायत क्षेत्रमा बाटो अप्ठेरो भएकाले दैनिक यातायात ठप्प हुने गरेका छन्। कर्णाली राजमार्ग कालोपत्रे भएको एक बर्ष नबित्दै कालोपत्रे भत्किएपछि यात्रुलाई सास्ती भएको हो । सडक डिभिजन कार्यालय जुम्लाले ती खाल्डा खुल्डीमा माटो हालेपछि सडक हिलाम्मे भएको यात्रुको गुनासो छ।

**महावैको अनुरोध**

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको www. missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं

हाम्रा विशेषताहरु

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
MISSION News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. - ०८७-४४०२४२, ९८४८०४९४५५ ,९८६८३१५३५३ , इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,मुद्रणः ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट